# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:६ संख्या: ११ मिति:२०७९/१२/१४


**भाग २**

**माण्डवी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको माण्डवी गाँउपालिका विपन्न विद्यार्थिलाई डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृति सम्वन्धी कार्यविधि २०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. ८

## माण्डवी गाँउपालिका विपन्न विद्यार्थिलाई डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृति सम्वन्धी कार्यविधि २०७९

प्रस्तावना:

माण्डवी गाँउपालिकामा स्थायी बसोबास भई प्यूठान जिल्लाको विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययन गरी माध्यामिक Secondary Education Examination (SEE) उतिर्ण भई विज्ञान विषयवाट कक्षा १२

उतिर्ण पश्चात विभिन्न प्राविधिक विश्वविद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न, विद्यार्थीहरुलाई डाक्टर इन्जिनियर अध्ययनमा आर्थिक रुपमा सहज होस र गाँउपालिका भित्र दक्ष प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन होस भन्ने उद्येश्यका साथ माण्डवी गाँउपालिकाले विपन्न विद्यार्थीलाई डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृत्ति बितरण सम्बन्धि कार्यविधि बनाई लागू गर्न बान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरि माण्डवी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद : - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) माण्डवी गाँउपालिकाले विपन्न विद्यार्थीलाई डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृत्ति बितरण सम्बन्धि कार्यविधि, २०७९ रहेको छ । ,

(२) यो कार्यविधि माण्डवी गाँउपालिकामा स्थायी बसोबास भई प्यूठान जिल्लाको विभिन्न सामुदायिक विद्यालयहरुबाट Secondary Education Examination (SEE) उतिर्ण भई विभिन्न विश्वविद्यालयहरुमा डाक्टर तथा इन्जिनियरिङ्ग अध्ययन गर्ने विद्यार्थीहरुलाई मात्र केन्द्रित गरेर तयार गरिएको छ ।

(३) यो कार्यविधि गाँउकार्यपालिकाको वैठकबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "विद्यालय वा शिक्षालय" भन्नाले डाक्टर/इन्जिनियर सम्वन्धि प्राविधिक विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ख) " जेहेन्दार विद्यार्थी" भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका माण्डवी गाँउपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुमध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ ।

(ग) विपन्न विद्यार्थी भन्नाले तोकिएको न्यूनतम आम्दानी भन्दा कम आम्दानी हुने परिवारको विद्यार्थी सम्झनुपर्दछ ।

(घ) "गाँउपालिका" भन्नाले माण्डवी गाँउपालिका सम्झनु पर्दछ ।

(ङ) "गाँउ कार्यपालिका" भन्नाले माण्डवी गाँउपालिकाको गाँउ कार्यपालिका सम्झनु पर्दछ ।

च) " छात्रवृत्ति" भन्नाले डाक्टर/इन्जिनियर विषय अध्ययन गर्ने माण्डवी गाँउपालिका भित्र स्थायी बसोबास भई प्यूठान जिल्लाको विभिन्न सामुदायिक विद्यालयहरुमा Secondary Education Examination (SEE) उतिर्ण गरेको विद्यार्थिलाई प्रदान गरिने छात्रवृति सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ज) "शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(झ) "शिक्षा समिति" भन्नाले गाँउ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(ञ) "अध्यक्ष" भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेदः -२

## छात्रवृत्ति व्यवस्थापन तथा वितरण समिति

३. डाक्टर/इन्जिनयर अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्न तपसिल

बमोजिमको एक समिति रहनेछः

(क) गाँउपालिका अध्यक्ष- संयोजक

(ख) संयोजकले तोकेको गाँउपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक सदस्य- सदस्य

(घ) संयोजकले तोकेको गाँउकार्यपालिकाको सदस्य - सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव

४. डाक्टर/इन्जिनयर अध्ययन छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकारहरुः

१) डाक्टर/इन्जिनयर अध्ययन व्यवस्थापन तथा वितरण समितिका काम कर्तव्य र अधिकारहरु तपसिल बमोजिम हुनेछनः (क) छात्रवृत्ति वितरणका लागि प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरुलाई आवेदन दिन अनुसुचि -१ बमोजिमको ढाँचामा फाराम भर्न सुचना प्रकाशन गर्ने

(ख) सुचना प्रकाशन प्रश्चात फाराम भर्ने विद्यार्थीहरुकाकागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने

(ग) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी छनौट गर्ने

(घ) सम्बन्धित विद्यालयको खातामा छात्रवृत्ति रकम निकासाको लागि शिक्षा, युवा तथा खेलकुद शाखालाई सिफारीस गर्ने

## परिच्छेदः - ३

## छात्रवृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरु

५. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौट गर्दा तपसिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः

(क) डाक्टर तथा इन्जिनियरिङ्ग अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्नको लागि गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन सहित फाराम भर्न आह्वान गरि अनुसुचि - २ बमोजिमका आधारहरु सहित सुचना प्रकाशन गर्ने,

(ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुचि २ बमोजिमका आधार बमोजिम हुने गरि छुट्टाछुट्टै दर्ता गर्ने,

(ग) दर्ता भएका निवेदन, विद्यार्थीका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने,

(घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजातको आधारमा अनुसुचि-३ अनुसारको ढाँचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने,

(ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम तयार गर्ने,

(च) तयार गरिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिका लागि विद्यार्थीको छनौट गर्ने,

(छ) गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले छनौट भएका विद्यार्थी अध्ययनरत विद्यालयको खातामा एकमुष्ठ रुपमा छात्रवृत्ति रकम निकासा गर्ने

र छनौट भएको विद्यार्थीको नामनामेसि तथा रकम सहितको निकासा पत्र समेत दिने,

(ज) रकम प्राप्त भएपछि विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति वापतको रकम वितरण गरि भरपाई गाँउपालिकामा पेश गर्नुपर्ने ।

## परिच्छेदः -४

## विविध

६. अनुगमन : विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्न सक्नेछ ।

७. कार्यविधिमा संशोधन : यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

८. प्रचलित कानुन लागू हुने : यस कार्यविधिमा भएको व्यवस्था प्रचलित कानुनसंग बाँझीएमा प्रचलित कानुनको व्यवस्था लागू हुनेछ ।

९. बचाउ : यस अघि भए गरेका छात्रवृत्ति वितरण सम्बन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

| | | |
|---|---|---|
| **माण्डवी गाउँपालिका** | | |
| **गाउँ कार्यपालिकाको कार्यालय** | | |
| **जस्पुर, प्यूठान** | | |
| **प्राविधिक छात्रवृत्तिको आवेदन फारम** | | |
| १.विद्यार्थीको नामः | २.अध्ययनरत तह/कक्षा | |
| ३. स्थायी ठेगाना | | |
| ४. लिङ्ग | ५.जन्म मितिः | ६. अपाङ्ग भएमा वर्ग खुलाउने |
| ७. जाति/जनजातिः क) ब्राह्मण ख) जनजाती ग) दलित अन्य | | |
| ८. अध्ययनरत विद्यालय वा शिक्षालयको नामः | | |
| ९. अध्ययनरत विद्यालय वा शिक्षालयको किसिम : क) सामुदायिक ख) संथागत अन्य | | |
| १०. सम्पर्क नम्बरः | ११. परिचयपत्र नम्बर र किसिमः | |
| १२.बाजेको नाम थर | १३. बुवाको नाम थरः | |
| १४. बुवा आमाको अवस्थाः क) दुवै भएको ख) बुवा भएको आमा नभएको ग) आमा भएको नभएको घ) दुवै नभएको | | |
| १५ः SEE को ग्रेडः | | |
| १६. परिवारको प्रमुख आय श्रोतः क) कृषि ख) रोजगारी घ) घरभाडा व्यापार च) बैदेशिक आय | | |
| १७. छात्रवृत्ति फारम भरेको समुहः क) जेहेन्दार/खुल्ला ख) महिला घ) जनज ङ) दलित च) अपाङ्ग | | |
| १९.आवेदन दिन चाहेको कक्षाः यस अघि छात्रवृत्ति पाए/नपाएकोः | | |
| **निवेदक** सम्बन्धित विद्यार्थीकोः | **सिफारिस गर्ने** | **प्रमाणित गर्ने** |

| | सम्बन्धित शिक्षण संस्थाका प्राचार्यको | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख/अधिकृत |
|---|---|---|
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | पद |
| सम्पर्क नं. | सम्पर्क नं. | मितिः |
| **विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको छाप** | **नगरपालिकाले भर्ने** | **गाउँपालिकाको छाप** |
| | **फारम दर्ता नम्बरः** | |
| | **फारम दर्ता मितिः** | |
| | **फारम दर्ता गर्नेको नाम :** | |
| | **फारम दर्ता गर्नेको हस्ताक्षरः** | |

फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः (कागजात अपुग भएमा फाराम दर्ता गर्न नहुने)

१. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

२. सम्बन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी

३. अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी

४. आमा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा/वाबु वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै पत्र सिफारीस

५. SEE उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी

६. +2 उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी

७. आर्थिक अवस्था कमजोर रहेको वडा कार्यालयको सिफारिस

## अनुसूची २

## जेहन्दार बिपन्न छात्रवृत्ति वितरण सम्बन्धि सूचना

प्रस्तुत विषयमा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष ............... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र स्थायी बसोबास गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थिलाई इन्जिनियर र डाक्टर पढ्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले गाँउपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा अध्ययन गरी माध्यामिक शिक्षा परीक्षा Secondary Education Examination (SEE) उतिर्ण भई विज्ञान विषयवाट कक्षा १२ उतिर्ण पश्चात विभिन्न प्राविधिक विश्वविद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न गाउँपालिका भित्रका सम्पूर्ण इच्छुक विद्यार्थीहरुलाई देहाय बमोजिमको आवश्यक कागजात सहित विपन्न डाक्टर इन्जिनियर अध्ययनमा छात्रवृत्ति २०७९ को अनुसूची १ बमोजिम सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र अर्थात मिति ............................ गते कार्यालय समय भित्र छात्रवृत्ति माग सम्बन्धि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजात

१. अनुसूची-१ बमोजिमको छात्रवृत्ति आवेदन फारम,

२. व्यक्तिगत निवेदन साथमा पासपोर्ट साइजको फोटो १ प्रति

३. विद्यार्थीको नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

४. सम्बन्धित कक्षामा अध्ययन गर्दै गरेको विद्यार्थी परिचयपत्रको प्रतिलिपी,

५. अपाङ्गताको लागि आधिकारीक निकायबाट प्रदान गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी,

६. आमा बुवा वा दुवै नभएको भए सम्बन्धित वडावाट आमा बाबु वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै पत्र सिफारीस,

७. SEE उत्तिर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी.

८. +2 उत्तीर्ण शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

९. आर्थिक अवस्था कमजोर रहेको वडा कार्यालयको सिफारिस,

## अनुसूची ३

## प्राविधिक छात्रवृत्तिप्रदान गर्ने आधारहरु

| क.स | छात्रवृत्तिमा पर्ने वर्ग हरु | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जेहन्दार/खुल्ला/ विपन्न परिवार | | आधार २,३,४,५ र ६ बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट नभएमा आधार १ योग्यताक्रमबाट छनौट गरिनेछ |
| २ | महिला | | |
| ३ | आदिबासी/जनजाती | | |
| ४ | दलित | | |
| ५ | अपाङ्ग | | |
| ६ | शहिद परिवार | | |
| जम्मा संख्या | | | |

## अनुसूची-३

## प्राविधिक छात्रवृत्ति प्रदान गर्नका लागि विद्यार्थी छनौटको मुल्यांकन फारम

| क्र.सं | मुल्यांकनका आधार | पुणाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **अध्ययनरत संस्था** | २० | | |
| क | सामुदायिक | २० | | |
| ख | गुठि | १८ | | |
| ग | संस्थागत | १५ | | |
| घ | अन्य | १२ | | |
| २ | **बुवा आमाको अवस्था** | २० | | |
| क | बुवा आमा दुवै नभएको | २० | | |
| ख | आमा भएको बुवा नभएको | १८ | | |
| ग | बुवा भएको आमा नभएको | १५ | | |
| घ | बुवा आमा दुवै भएको | १२ | | |
| ३. | **परिवारको प्रमुख आयश्रोत** | २० | | |
| क | कृषि | २० | | |
| ख | बैदेशिक आय | १८ | | |

| | | | | |
|---|---|---|---|---|
| ग | घरभाडा | १६ | | |
| घ | व्यापार | १४ | | |
| ङ | रोजगारी | १२ | | |
| ४. | **SEE ग्रेड** | १० | | |
| क | ३.६ वा सो भन्दा माथि | १० | | |
| ख | २.८ देखि ३.५९ सम्म | ८ | | |
| ग | २.० देखि २.७९ सम्म | ७ | | |
| घ | २.० भन्दा कम | ५ | | |
| ५ | **+2 ग्रेड** | १० | | |
| | ३.६ वा सो भन्दा माथि | १० | | |
| | २.८ देखि ३.५९ सम्म | ८ | | |
| | २.० देखि २.७९ सम्म | ७ | | |
| | २.० भन्दा कम | ५ | | |
| ६ | **अन्तर्वार्ता** | २० | | |
| **जम्मा** | | १०० | | |

# अनुसूची—४

## कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी जिल्ला................................गाउँपालिका/न.पा...................... ..वडा नं.................. मा स्थायी बसोबास भएको मिति ........................ मा जन्मेको म ...........................गाउँपालिकाबाट....................................... .विषयमा अध्ययन/तालिमका लागि .............................. संस्था/देशमा निशुल्क/आंशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा र अध्ययन/तालिममा जादा आउदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च बापतको रकम समेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी .................................. मार्फत गाँउपालिकामा बुझाए“ ।

ल्याप्चे सहीछाप

छात्रवृत्ति पाउनेको,–

सही —

नाम —

सम्पर्क ठेगाना —

टेलिफोन नम्बरः

मिति —

**नोटः**

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।

## अनुसूची—५

## विपन्नको सिफारिस

श्री माण्डवी गाउँपालिका ,

जस्पुर, प्यूठान ।

विषय — विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ......................... को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ........... जिल्ला ................ गाउँपालिका/न.पा./उ.म.न.पा/म.न.पा.............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................... मिति .......... देखि........ सम्म .............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज...................... .......................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ । माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

सिफारिस गर्नेको,–

कार्यालयको छाप :

सही :

नामः

पदः

कार्यालयः

मितिः

## अनुसूची-६

## प्रतिवेदन

श्री माण्डवी गाउँपालिका,

जस्पुर, प्यूठान ।

विषय :प्रतिवेदन पेश गरेको ।

..............................,.................................. बाट छात्रवृत्तिमा छनौट भई................................. सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं.÷सन् .............. मा.................... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/तालिम सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,

सही :

नामः

ठेगाना :

मिति :

उल्लेख गर्नु पर्ने विवरण

(क) अध्ययनको विषय :

(ख) अध्ययन गरेको संस्थाको नाम र ठेगाना :

(ग) हासिल गरेको शैक्षिक योग्यता वा तालीम :

(घ) अध्ययन समाप्त भएको मिति :

(ङ) अध्ययन वा तालीम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रम ः:

(आफ्नो विषयस<्ग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने

(च) अध्ययनको समयमा आई परेका समस्याहरु :

(छ) अध्ययनमा भएको खर्च :

(छ) अध्ययन वा तालीम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने :

(ज) अध्ययन अवधिमा विषय परिवर्तन गरे नगरेको (यदि गरेको भए पूरा विवरण उल्लेख गर्ने :

**प्रमाणीकरण मितिः २०७९/१२/१४**

**आज्ञाले,**
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**